# आयोजना तथ्यांक विवरण

आयोजना तथ्यांक विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ । किनभने आयोजना तथ्यांक विवरण भनेको निरन्तर चलिरहेको प्रकृया हो । कतिपय जानकारी शुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीहरूलाई समेत क्रमबद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाको बारेमा समावेश गरिएका जानकारीहरू अनुमानित तथा सांकेतिक हुन ।

| | |
|---|---|
| तथ्यांक विवरण जारी मिति | – |
| विवरण अद्यावधिक मिति | – |

| | |
|---|---|
| आयोजनाको नाम | नविकरणीय उर्जा प्रोत्साहन कार्यक्रम |
| देश | नेपाल |
| आयोजना/कार्यक्रम नम्बर | 45126-003 |
| अवस्था | प्रस्तावित |
| भौगोलिक अवस्थिति | – |

कुनै विशेष भुभाग वा भौगोलिक क्षेत्रको अवस्थिति वा सन्दर्भ उल्लेख गर्दा अथवा यो दस्तावेजमा 'देश' वा 'राष्ट्र' भन्ने शब्द प्रयोग गरिँदा एडीबीले यस्तो कुनै पनि भुभाग वा क्षेत्रको कानुनी एवं अन्य कुनै हैसियतका बारेमा निर्णायक अवधारणा व्यक्त गर्ने अभिप्राय राखेको हुँदैन ।

| | |
|---|---|
| क्षेत्र र/तथा उपक्षेत्रको वर्गिकरण | उर्जा / नविकरणीय उर्जा |
| विषयगत वर्गिकरण | क्षमता विकास<br>आर्थिक विकास<br>वातावरणीय दीगोपन<br>निजी क्षेत्रको विकास<br>लैङ्गिक समता<br>जलवायु परिवर्तन |
| लैङ्गिक मुलप्रवाहीकरण समूहहरू | केही लैङ्गिक लाभहरू |

## वित्तिय विवरण

| सहयोगको प्रकार/स्वरूप | स्विकृत संख्या | वित्तिय स्रोत | स्विकृत रकम (अमेरिकी डलर हजारमा) |
|---|---|---|---|
| ऋण | - | एसियाली विकास बैंक | १०,००० |
| — | — | समकक्षी | २८,००० |
| **जम्मा** | | | **३८,००० अमेरिकी डलर** |

## सुरक्षण समूहहरू

सुरक्षण समूहहरूको विस्तृत जानकारीका लागि कृपया तलको लिंक हेर्नुहोला:
http://www.adb.org/site/safeguards/safeguard-categories

| | |
|---|---|
| वातावरण | वित्तिय मध्यस्तता |
| अनैच्छिक पुनर्वास | वित्तिय मध्यस्तता |
| आदिवासी जनसँख्या | वित्तिय मध्यस्तता |

## वातावरणीय र सामाजिक विषयवस्तुको सारांश

**वातावरणीय पक्षहरू**

प्रारम्भिक मुल्यांकन अनुसार, नवीकरणीय उर्जा राष्ट्रिय प्रसारण लाईनभन्दा अलग्गै रहने हुँदा कुनै पनि आयोजना तथा उप-आयोजनाहरूले सामाजिक तथा वातावरणीय प्रभाव नपार्ने आशा गरिएको छ। वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली तयार पारिने छ। र नमुना उपआयोजनाहरूको लागि आवश्यकता अनुसार वातावरणीय व्यवस्थापन योजना समावेश रहेको प्रारम्भिक वातावरणीय मूल्यांकन अर्थात वातावरणीय प्रभाव मूल्यांकन र पुनर्वास योजना तयार पारिने छ।

**अस्वेच्छिक पुनर्वास**

प्रारम्भिक मुल्यांकन अनुसार, नवीकरणीय उर्जा राष्ट्रिय प्रसारण लाईनभन्दा अलग्गै रहने हुँदा कुनै पनि आयोजना तथा उप-आयोजनाहरूले सामाजिक तथा वातावरणीय प्रभाव नपार्ने आशा गरिएको छ। वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली तयार पारिने छ। र नमुना उपआयोजनाहरूको लागि आवश्यकता अनुसार वातावरणीय व्यवस्थापन योजना समावेश रहेको प्रारम्भिक वातावरणीय मूल्यांकन अर्थात वातावरणीय प्रभाव मूल्यांकन र पुनर्वास योजना तयार पारिने छ।

**आदिवासी जनसँख्या**

प्रारम्भिक मुल्यांकन अनुसार, नवीकरणीय उर्जा राष्ट्रिय प्रसारण लाईनभन्दा अलग्गै रहने हुँदा कुनै पनि आयोजना तथा उप-आयोजनाहरूले सामाजिक तथा वातावरणीय प्रभाव नपार्ने आशा गरिएको छ। वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली तयार पारिने छ। र नमुना उपआयोजनाहरूको लागि आवश्यकता अनुसार वातावरणीय व्यवस्थापन योजना समावेश रहेको प्रारम्भिक वातावरणीय मूल्यांकन अर्थात वातावरणीय प्रभाव मूल्यांकन र पुनर्वास योजना तयार पारिने छ।

## सरोकारवालासँगको सञ्चार, सहभागीता र परामर्श

आयोजना निर्माणको समयावधीमा

–

आयोजना कार्यान्वयनको समयावधीमा

–

## वर्णन

प्रस्तावित आयोजनाले एसियाली विकास बैंकको रणनीतिक वातावरणीय कोष र अन्य दाताहरूको सहायता मार्फत प्राप्त रकम केन्द्रिय नविकरणीय उर्जा कोष अर्न्तगत साना तथा लघु जलविद्युत र घरेलु सौर्य उर्जामा लगानी गर्न ऋण र अनुदान द्वार स्थापित गर्ने उद्देश्य राखेको छ। केन्द्रिय नविकरणीय उर्जा कोषलाई एउटा मुख्य वित्तिय मध्यस्तता मार्फत मध्य तथा दीर्घकालिन पुनर्कर्जा र अन्य सहभागी वित्तिय संस्थाहरूलाई सहयोग गर्ने गरि व्यवस्थापन गरिने छ। एसियाली विकास बैंकको योग्यताको मापदण्डमा परेकाहरू र राष्ट्रिय प्रसारण लाईनमा नजोडिएका साना तथा लघु जलविद्युत र घरेलु सौर्य उर्जा जस्ता साना तथा लघु उपआयोजनाहरूको विकासको लागि वित्तिय सहयोग दिइन्छ।

## आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध

नेपालले हाल अप्रत्याशित उर्जा संकट बेहोरीरहेको छ। सन् २०१० मा ७०६ मेगावाट कुल क्षमताले जाडो महिनाहरूका विद्युत खपत हुने मुख्य समयमा मागको जम्माजम्मी ५० प्रतिशत हिस्सा मात्र आपुर्ति गर्न सक्यो। जसले गर्दा बर्षभरी नै औसत १२ घण्टा लोडसेडिङ्गको समस्या रह्यो। अहिले पनि देशका झण्डै ४४ प्रतिशत मानिसहरूसँग विद्युतमा पहुँच नै छैन (उनीहरूको राष्ट्रिय प्रसारण लाईनमा नजोडिएका विद्युतमा समेत पहुँच छैन।) जसका कारण उनीहरू धेरै हदसम्म उज्यालोका लागि मट्टितेलमा निर्भर छन्। हिमालले भरिएको भौगोलिक संरचना, ग्रामीण भुभागमा रहेको कम जनघनत्व र देशैभरी छरिएका बस्तीहरूका कारण नेपाल सरकारले नवीकरणीय उर्जाको विकासलाई प्राथमिकताको कार्यक्रममा सुचीकृत गरेको छ। नवीकरणीय उर्जाले दुरदराजका राष्ट्रिय प्रसारण लाईन जोड्न सम्भव नहुने पातलो बस्तीहरूमा न्युनतम खर्चमा विजुलीको जोहो गर्ने अवसर दिन्छ। यस प्रकारको उर्जा स्वच्छ, सुरक्षित र वातावरणमैत्री पनि हुन्छ। नेपाल सरकारले

हाल देखिएको उर्जा संकटलाई सम्बोधन गर्न एक प्रतिशतभन्दा कम हिस्सा रहेको नवीकरणीय उर्जाको अहिलेको अवस्थावाट १० प्रतिशतमा पुऱ्याउने लक्ष्य लिएको छ । त्यस्तै सरकारले नवीकरणीय उर्जाका स्रोतहरूमा नागरिकको पहुँच आउँदो २० बर्षभित्रमा १० प्रतिशतबाट ३० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । सरकारले यो क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढाउनको लागि सान्दर्भिक नीति र योजनाहरू तर्जुमा गरेको छ । साथै अनुदान तथा लगानी संयन्त्र, कर तथा भन्सार सहुलियत र साना तथा लघु जलविद्युत आयोजनाहरूमा रोयल्टी र लाईसेन्स शुल्क छुटजस्ता उपायहरू पनि अपनाएको छ । नेपाल सरकारले नवीकरणीय उर्जा प्रोत्साहन लगानी योजना २०११ नोभेम्बरमै तयार पारेको छ । यो योजना एडीबी, विश्व बैंक र आईएफसीको सहयोग तथा निगारानीमा बनेको हो । साथै यो योजना ल्याउन राष्ट्रिय तथा निजी क्षेत्रका संस्थाहरू, उद्योगीहरूका एशोसिएशनहरू, विकास साझेदारहरू, नागरिक समाजका प्रतिनिधी लगायत सरोकारवालाहरूसँग परामर्श समेत भएको थियो । नेपाल कम आयस्रोत भएका देशहरूमा नवीकरणीय उर्जा प्रोत्साहन कार्यक्रम अन्तर्गत लगानी र प्राविधीक सहयोगकोलागि नमुना देशको रूपमा छानिएको छ । कम आयस्रोत भएका देशहरूमा नवीकरणीय उर्जा प्रोत्साहन कार्यक्रम (वातावरणीय लगानी कोष अन्तर्गतको बहुदाता ट्रष्ट कोष) रणनीतिक वातावरणीय कोषको लक्षित कार्यक्रम हो । यसको उद्देश्य भनेको उर्जामा पहुँच बढाउन लगानी सहयोग गर्ने र नवीकरणीय उर्जा मार्फत आर्थिक विकासलाई तीव्रता दिने हो । नवीकरणीय उर्जा प्रोत्साहन लगानी योजना कार्यक्रमका अनुसार, साना तथा लघु उर्जा प्रयत्नहरूलाई नयाँ केन्द्रिय नवीकरणीय उर्जा कोषका दुई द्वार मार्फत लगानी गरिने छः पहिलो अनुदान र प्राविधीक सहायता मार्फत र अर्को चक्रिय कोष मार्फत ऋण लगानी । स्थानीय बाणिज्य र विकास बैंकहरूले नवीकरणीय उर्जामा लगानी गर्ने र उनीहरूको कार्यक्षेत्रलाई प्रचुर सम्भावना भएको यो क्षेत्रमा विस्तार गर्ने विषयमा दरिलो ईच्छा देखाएका छन् । र तथ्य यो हो कि नवीकरणीय उर्जालाई विपन्न क्षेत्र कर्जा क्षेत्रको रूपमा स्विकार गरिएको छ । तथापी, बैंकिङ्ग क्षेत्रहरूले  दीर्घकालिन, कम खर्चिलो कोषहरू मार्फत लगानी गर्ने कुरा जटील रहेको छ । किनभने नेपालमा ऋण र पुँजी बजारमा गहनताको अभावजस्ता कारणले गर्दा नवीकरणीय उर्जा प्रविधीको विकासको लागि आवश्यक पर्ने दीर्घकालिन स्थानीय मुद्रा लगानी सजिलो छैन । बैंकहरूले निक्षेप परिचालन गर्छन जुन महँगो र छोटो समयको लागि हुन्छ । ऋण परिचालन अर्को चासोको विषय हो किनभने बैंकहरूसँग यस्तो ऋण परिचालन गर्ने संयन्त्र र दुर्गम क्षेत्रमा प्रवाह गरिएको तुलनात्मक रूपमा साना ऋणको अनुगमन गर्ने क्षमता छैन ।  नेपालमा थुप्रै बैंकहरूले नवीकरणीय उर्जाको क्षेत्रमा अन्तिम उपभोगकर्तालाई कर्जा प्रवाह शुरू गरेको भएतापनि नवीकरणीय उर्जा आयोजनाको मुल्यांकन र वित्तको सम्भाव्यता परिक्षणजस्ता कामका लागि उनीहरूको क्षमता अभिबृद्धिको आवश्यकता छ । नेपाल सरकारले वातावरण मन्त्रालयतको मातहतमा रहने गरि वैकल्पिक उर्जा प्रबर्धन केन्द्रलाई अर्ध-स्वायत्त निकायको रूपमा काम गर्ने गरि तोकेको छ । केन्द्रलाई नवीकरणीय उर्जा प्रविधीको विकास र प्रवर्धनको जिम्मेवारी दिईएको छ । वैकल्पिक उर्जा प्रबर्धन केन्द्रले धेरै विकास साझेदारहरूसँग (डानिडा, नोराड, केएफडब्लु र जीआइजेड) विभिन्न आयोजनाहरूमा काम गरेको छ । उसका केही आयोजनाहरू १) नवीकरणीय उर्जा कोष, जसले मुख्य प्रसारण लाईन बाहिरका र घरेलु सौर्य उर्जाजस्ता आयोजनाहरूलाई अनुदान दिन्थ्यो, २) सुक्ष्म लघुजलविद्युत ऋण कोष, यो कोषले दुई स्थानीय बाणिज्य बैंकहरू मार्फत सुक्ष्म लघुजलविद्युत आयोजनाहरूको विकासका लागि ऋण उपलब्ध गराउँथ्यो । वैकल्पिक उर्जा प्रबर्धन केन्द्रले सहभागीतामूलक वित्तिय संस्थाहरू सहित अन्यरूरूलाई पनि आयोजनाको मातहतमा लगानी गर्ने गरी उपआयोजनाहरूको मुल्यांकनमा प्राविधीक सहायता उपलब्ध गराउँछ । आयोजना एडीबीको नेपालका लागि तय भएको राष्ट्रिय साझेदारी रणनीति अनुसार छ र यो क्षेत्रीय समन्वय साझेदारी रणनीति (२०११-१५) सँग मिल्दो छ । यी रणनीतिहरू निम्न कुराहरूमा केन्द्रित छ : १) ग्रामीण भुभागमा विद्युतको पहुँच बढाउने, २) स्वच्छ उर्जा विकास, ३) उर्जा क्षेत्रको सुशासनमा सवलता, ४) निजी क्षेत्रको सहभागीता प्रबर्धन । अझै अगाडि, यो आयोजनाले एडीबीको सहयोगलाई उर्जा क्षेत्रमा मात्र नभई नेपालको ऋण बजारलाई विस्तार गर्दै लगानी क्षेत्रको विकासमा सहयोग गर्छ । एडीबीको लगानीमा आयोजनाको तयार गर्न आयोजना तयारी प्राविधीक सहयोग सम्पन्न गरिने छ । आयोजनाका भागहरू, लगानीको संरचना र अवसरहरूलाई बढावा दिने जस्ता पक्षहरूलाई आयोजना तयारी प्राविधीक सहयोगको चरणमा तय गरिने छ ।

## विकास प्रभाव

नेपालमा नवीकरणीय उर्जाको विकासलाई प्रोत्साहन गर्ने ।

## आयोजनाको उपलब्धी

| **उपलब्धीको विवरण** | **उपलब्धीका लागि भएका प्रगति विवरण** |
|---|---|
| साना तथा लघु जलविद्युत र घरेलु सौर्य उर्जाका लागि ऋण तथा अनुदान वितरण संयन्त्रको विकास । | — |

## उपलब्धी र कार्यान्वयनको प्रगति विवरण

| **आयोजनाको उपलब्धीहरूको विवरण** | **आयोजना प्रगति विवरणको अवस्था (उपलब्धी, कार्यक्रमहरू र विषयवस्तुहरू)** |
|---|---|
| १. केन्द्रिय नवीकरणीय उर्जा कोष मार्फत साना तथा लघु जलविद्युत र घरेलु सौर्य उर्जाको लागि ऋण तथा अनुदान कोष विकसित हुने २. नवीकरणीय उर्जा प्रविधी, आयोजना मुल्यांकन, लगानी संयन्त्र र केन्द्रीय नवीकरणीय उर्जा कोष को समग्र सञ्चालनको जस्ता विषयमा कार्यान्वयन निकाय/लागू गर्ने निकाय र वित्तिय संस्था/सहभागीतामूलक वित्तिय संस्थाहरूको क्षमता विकास गरिने छ । | — |
| — | |

## व्यवसायीक अवसरहरू

| | |
|---|---|
| पहिलो सूचीकृत मिति | – |
| परामर्श सेवाहरू | – |
| खरीद | – |

## समय तालिका

| | |
|---|---|
| अवधारणा पारित | २८ मे २०१२ |
| तथ्य प्राप्ति | २४ सेप्टेम्बर २०१२ देखि २८ सेप्टेम्बर २०१२ |
| व्यवस्थापन समिक्षा बैठक | २७ नोभेम्बर २०१२ |
| स्विकृत<br>पछिल्लो समीक्षा भ्रमण (मिसन) | – |

## महत्वपूर्ण तथ्याङ्कहरू

| स्विकृत नम्बर | स्विकृत | हस्ताक्षर | प्रभावकारीता | समाप्ती | | |
|---|---|---|---|---|---|---|
| | | | | मूल | परिष्कृत | वास्तविक |
| – | – | – | – | – | – | – |

## उपयोगीता

| मिति | स्विकृत नम्बर | एडीबी (अमेरिकी डलर हजारमा) | अन्य (अमेरिकी डलर हजारमा) | खुद प्रतिशत |
|---|---|---|---|---|
| संचित सम्झौता निर्णय | | | | |
| संचित खर्च | | | | |

## सम्झौतापत्रको अवस्था

सम्झौतापत्रहरूलाई निम्न भागहरूमा बर्गिकरण गरिएको छ : लेखापरिक्षण गरिएको आयोजनाको वित्तिय विवरण, सुरक्षणहरू, सामाजिक, क्षेत्र, वित्तिय, आर्थिक र अन्य । सम्झौताको पालनालाई देहाय बमोजिम बर्गिकरण गरी विभाजन गरिएको छः १) सन्तोषजनक – सम्झौतापत्रमा भएका सबै कामहरू भएका हुनेछन्, बढीमा एउटा सम्म अपवाद स्विकार गरिनेछ । २) आंशिक सन्तोषजनक – कुनै भागका बढीमा दुईवटा सम्म दायित्वहरू सम्पन्न गर्न बाँकी भएको अवस्थालाई जनाउने छ । ३) असन्तोषजनक – तीन वा तीन भन्दा बढी दायित्वहरू पुरा गर्न बाँकी भएको अवस्था ।

| स्विकृत नम्बर | भाग | | | | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्र | सामाजिक | वित्तिय | आर्थिक | अन्य | सुरक्षण |
| ऋण - | – | – | – | – | – | – |

## सम्पर्क र विस्तृत जानकारी

| | |
|---|---|
| **जिम्मेवार एडिबी अधिकृत** | जाङ्ग लेई (zlei@adb.org) |
| **जिम्मेवार एडिबी विभाग** | दक्षिण एसियाली विभाग |
| **जिम्मेवार एडिबी महाशाखा** | उर्जा महाशाखा, दक्षिण एसियाली विभाग |
| **कार्यान्वयन गर्ने निकाय** | वातावरण मन्त्रालय |

## लिङ्कहरू

| | |
|---|---|
| **आयोजना वेभसाईट** | http://www.adb.org/projects/45126-003/main |
| **आयोजना सम्बन्धि सामग्री** | http://www.adb.org/projects/45126-003/documents |